# भानु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## फुलेटार, तनहुँ
## गण्डकी प्रदेश, नेपाल



पत्र संख्या :-..........

चलानी नं :-..........

मिति :-..............................

**कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालनको लागि संस्था सुचिकृत हुने वारेको सुचना**

**चौथो पटक सूचना प्रकाशन मितिः २०८१/०९/२५**

प्रस्तुत विषयमा यस भानु नगरपालिकाको आ.व २०८१/०८२ को वार्षिक स्विकृत कृषि विकास कार्यक्रम तर्फको उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गर्नुपर्ने भएकोले यस भानु नगरपालिका भित्रका उत्पादक कृषकहरुवाट कृषि उपज खरिद विक्री गर्न ईच्छुक कृषक समुह, कृषि सहकारी, कृषि उपज खरिद बिक्रि केन्द्र, साझेदार कृषि वजार, संकलन केन्द्र, कृषि फर्म/कम्पनी लगायत विभिन्न ईच्छुक संस्थाले यो सुचना प्रकाशन भएको मितिले ७ दिन भित्र कार्यालय समयमा सुचिकृत हुनको लागि यस नगरपालिकाको कृषि विकास शाखामा देहाय वमोजिमका कागजात सहित निवेदन पेश गर्नु हुन अनुरोध छ। यस कार्यक्रम कार्यान्वियन उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यविधि २०८१ अनुसार हुनेछ।

शर्तहरु

१. सुचिकृत संस्थाले भानु नगरपालिकाले तोकेको मुल्यमा कृषि उपज खरिद गर्नु पर्नेछ।

२. उत्पादित कृषि उपज नगरपालिकाले तोके अनुसारको गुणस्तरको हुनुपर्नेछ।

३. सुचिकृत संस्था मार्फत कृषि उपज विक्रि गर्ने उत्पादक कृषकलाई कृषि उपज विक्रि गरे वापत कृषि उपजको परिमाण वमोजिमको अनुदान रकम नगरपालिकावाट उपलव्ध गरिनेछ।

४. सुचिकृत सस्थाले यस कार्यक्रममा सहभागि भई उत्पादक कृषकहरुवाट कृषि उपज खरिद गरे पश्चात ढुवानी, भण्डारण, सुरक्षा, प्याकेजिङ, ब्रान्डिङ, वजारिकरण लगायत खर्च व्यावस्थापका लागि कृषि उपजको परिमाण वमोजिमको अनुदान रकम नगरपालिकावाट उपलव्ध गराइनेछ।

५. उत्पादक कृषकहरुबाट कृषि उपज खरिदका लागि आवश्यक बजेट सुचिकृत सस्था स्वयंले व्यवस्था गर्नुपर्नेछ।

आवश्यक कागजातहरु

१. तोकिएको ढाँचामा निवेदन,

२. सुचिकृत हुन चाहाने संस्थाको निर्णय,

३.सम्वन्धित वडा कार्यालयको सिफारिस,

४. सस्थाको हकमा दर्ता प्रमाण पत्र,कर चुक्ता र गत आ.वको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि

६. कृषि उपज खरिद गर्न चाहेको कृषि उपज र परिमाण,

७. उत्पादक कृषकहरुवाट कृषि उपज खरिद गर्न चाहेको क्षेत्र/स्थान

८. कृषि उपज खरिदको लागि आवश्यक रकमको व्यवस्था र त्यसको स्रोत,

९. भण्डारण सम्वन्धी व्यवस्था,

१०. खरिद, ढुवानी, प्रशोधन तथा वजार व्यवस्थापन सम्वन्धी विवरण तथा त्यसको लागि आवश्यक साधन, उपकरण तथा जनशक्तिको व्यवस्थापन सम्वन्धी विवरण,

११. कृषि विकास शाखामा चाहिने अन्य विवरण।

विस्तृत जानकारीको लागिः कार्यालय समय भित्र भानु नगरपालिकाको कृषि विकास शाखामा सम्पर्क राख्न सकिनेछ। सम्पर्क न.९८४५७८९२५ विनोद थापा

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत


9856005111Email: info@bhanumun.gov.np/bhanumunicipality@gmail.com Website: www.bhanumun.gov.np